# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ८ संख्याः ८, मितिः २०८१ साल कार्तिक ०५ गते

**भाग -२**

## अन्नपूर्ण गाउँपालिका खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१

**गाउँ कार्यपालिकाबाट स्विकृत मितिः २०८१/०५/३०**

**प्रस्तावना :**

खेदकुदका माध्यमद्वारा स्वस्थ, सक्षम, मर्यादित अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न सवै खेलकुदका कार्यक्रम, खेल संस्कृतिको विकास, खेलकुदका पुर्वाधारका विकास, खेलाडीका व्यवसायको सुरक्षा प्रदान गर्दै खेलकुदका माध्यमद्वारा पालिका बासीमा एकता र खेल पर्यटनको प्रवर्द्धन गरी पालिकामा रहेका खेलकुदसंग सम्बन्धित संघ संस्थाहरुलाई प्रोत्साहन एवम् नियमनका लागि कानूनी व्यवस्था गर्न बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२)ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाले अन्नपूर्ण गाउँपालिका खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरी जारी गरीएको छ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम विस्तार प्रारम्भ :** (१) यो कार्यविधिको नाम "अन्नपूर्ण गाउँपालिका खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१" रहने छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "गाउँपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ख. "कार्यपालिका" भन्नाले अन्नपूर्ण गाउँ कार्यपालिका सम्झनु पर्दछ।

ग. "कार्यविधि" भन्नाले अन्नपूर्ण गाउँपालिका खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१

घ. "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ।

ङ. “खेलकुद” भन्नाले गाउँपालिका भित्र शारीरिक, मानसिक तथा सामाजिक तवरले स्वस्थ बनाउनको लागि आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुदलाई सम्झनुपर्दछ।

च. “खेलकुद समिति” भन्नाले यो कार्यविधि बमोजिम गठित अन्नपूर्ण गाउँपालिका खेलकुद विकास समितिलाई सम्झनु पर्दछ।

छ. “खेलाडी” भन्नाले विभिन्न विधाका स्थानिय प्रदेश राष्ट्रिय अन्तराष्ट्रिय खेलाडीलाई सम्झनु पर्दछ।

ज. “प्रोत्साहन” भन्नाले खेलाडीलाई दिईने नगद, जिन्सी तथा अन्य उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ।

झ. “यूवा” भन्नाले १८ वर्षदेखि ४० वर्ष उमेर समुहका युवालाई सम्झनु पर्दछ।

ञ. “टिम, क्लब संघ संस्था” भन्नाले अन्नपूर्ण गाउँपालिकाबाट तोकिए बमोजिम दर्ता भएका अन्नपूर्ण गाउँपालिका क्षेत्र भित्रका टिम, क्लब र संघ संस्थाहरु भन्ने सम्झनु पर्दछ।

ट. “प्रशिक्षार्थी” भन्नाले अन्नपूर्ण गाउँपालिकाद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्दछ।

ठ. “प्रशिक्षक” भन्नाले अन्नपूर्ण गाउँपालिकाद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, संघ संस्था खेल प्रशिक्षणमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्दछ।

ड. “प्रशिक्षण समिति” भन्नाले गाउँपालिका खेलकुद विकास समिति अन्तर्गत गाउँपालिका क्षेत्र भित्र विषयगत खेल प्रशिक्षणका लागि गठित समिति भन्ने सम्झनु पर्दछ।

ढ. “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ।

ण. “सदस्य सचिव” भन्नाले खेलकुद विकास समितिको सदस्य सचिव सम्झनु पर्दछ।

त. “सदस्य” भन्नाले खेलकुद विकास समितिको सदस्य सम्झनु पर्दछ।

थ. “ऐन” भन्नाले भन्नाले खेलकुद विकास ऐन २०७७ (संशोधन सहित) सम्झनु पर्दछ।

## परिच्छेद -२
## उद्देश्य

**३. खेलकुद समितिका उद्देश्यहरु :**

क. खेलकुद क्षेत्रलाई स्वस्थ, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गर्ने।

ख. सवैलाई उमेर समुह व्यक्तिहरुमा रुचि अनुसारका सवै विद्याका खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, अनुशासित, गतिशील बनाई राख्न, शारीरिक तथा मानसिक विकास गर्ने।

ग. खेलकुद क्षेत्रलाई स्वस्थ, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी आपसी विश्वास, सहकार्य, समन्वय र एकताको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राख्दै राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा ख्याती आर्जन गर्ने।

घ. गाउँपालिकाको कला, संस्कृति र खेलकुदको विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने ।

ङ. गाउँपालिका भित्र खेलकुद प्रतियोगिता संचालन गर्ने ।

च. स्वस्थ प्रतिस्प्रर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान्, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।

छ. खेलकुदमा महिला सहभागिता अभिबृद्धि गर्न प्रोत्साहित गर्ने ।

ज. खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्ने ।

झ. गाउँपालिकाबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा देशको प्रतिष्ठा बढाउने ।

ञ. टिम, क्लब संघ, संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरिय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने

ट. गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुमा खेल प्रशिक्षकको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

ठ. खेलकुद समिति अन्तर्गतका प्रशिक्षकहरुलाई क्षमता विकास तालिमको व्यवस्था गर्ने ।

ड. विद्यालय तहदेखि नै खेल भावनाको विकास गर्ने ।

## परिच्छेद–३

## खेलकुद समितिको गठन तथा काम कर्तव्य र अधिकार

४. **खेलकुद समितिको गठन :** (१) खेलकुदको विकास गर्नको लागि अन्नपूर्ण गाउँपालिकामा देहाय बमोजिमको १५ सदस्यीय “खेलकुद विकास समिति” गठन हुनेछः

क. गाउँपालिका अध्यक्ष -अध्यक्ष

ख. सामाजिक विकास समिति संयोजक -सदस्य

ग. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको शाखाको कर्मचारी १ जना –सदस्य

घ. गाउँ कार्यपालिका सदस्यमध्येबाट कार्यपालिकाले तोकेको १ जना महिला सदस्य – सदस्य

ङ. पालिका भित्र कृयासिल खेलकुदका संघका अध्यक्षहरु मध्येवाट गाउँपालिकाका अध्यक्षले मनोनित १ जना सदस्य

च. विभिन्न विधाका खेलकुदका विज्ञहरु मध्येबाट अध्यक्षले मननोनित १ जना – सदस्य

छ. राष्ट्रिय, अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिष्ठा हासिल गरेका खेलाडी वा पूर्व खेलाडीबाट अध्यक्षवाट मनोनीत कम्तीमा एकजना महिला सहित ३ जना –सदस्य

ज. पालिकास्तरका क्रियाशील युवा क्लव मध्येबाट कम्तीमा १ जना महिला सहित ३ जना –सदस्य

झ. सामुदायिक विद्यालयका प्रधानाध्यापक वा सामुदायिक/निजी विद्यालयका खेल शिक्षक मध्येबाट २ जना – सदस्य

ञ. गाउँपालिकाबाट नियुक्त कर्मचारी – सदस्य सचिव

(२) आवश्यक परेमा समितिले अन्य स्थानीय तह वा जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) खेलकुद समिति अन्तर्गत आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकुद समिति गठन गर्न सकिनेछ।

(४) खेलकुद विकास समितिको पदावधि ४ (चार) वर्षको हुनेछ।

५. **सदस्य सचिव सम्बन्धी व्यवस्था :** (१) समितिको सचिवको रुपमा कामकाज गर्न एक जना सदस्य सचिव रहने छ।

(२) सदस्य-सचिवको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता भएको हुनुपर्ने छ :

क. नेपाली नागरिक,

ख. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण भएको,

ग. खेलकुदको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको,

घ. प्रचलित कानूनले अयोग्य नभएको,

ङ. पच्चिस वर्ष उमेर पूरा भएको।

(३) गाउँ कार्यपालिकाले उपदफा (२) बमोजिम योग्यता पूरा भएका व्यक्ति मध्येबाट सदस्य-सचिवको पदमा नियुक्तिको लागि सिफारिस गर्ने छ। अनुसूचि १ वमोजिमको नियुक्ति पत्र उपलव्ध गराईने छ।

(४) उपदफा (३) बमोजिम नियुक्त सदस्य-सचिवको पदावधि ४ वर्षको हुनेछ र निज अर्को एक पटकको लागि पुनः नियुक्त हुन सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै अवस्थामा सदस्य-सचिवलाई गाउँ कार्यपालिकाले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

क. समितिलाई हानी नोक्सानी हुने कुनै काम गरेमा,

ख. पदीय जिम्मेवारी पूरा नगरेमा,

ग. यस कार्यविधि विपरीत कुनै कार्य गरेमा, वा

घ. निजले इमान्दारीपूर्वक जिम्मेवारी वहन नगरेमा, निजको कार्यसम्पादन सन्तोषजनक नरहेमा, निजमा कार्यक्षमताको अभाव भएमा वा पद अनुरुपको आचरण नगरेमा वा समितिको निर्देशन पालना नगरेमा।

(६) उपदफा (५) बमोजिम सदस्य-सचिवलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(७) देहायका अवस्थामा सदस्य-सचिवको पद रिक्त भएको मानिनेछ:

क. निजले अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

ख. गैर नेपाली नागरिक भएमा वा कुनै विदेशी मुलुकको स्थायी बसोवासको अनुमति लिएमा वा सोको लागि निवेदन दिएमा,

ग. निजको उमेर साठी वर्ष पूरा भएमा,

घ. निर्वाचनद्वारा नियुक्त हुने कुनै सार्वजनिक जवाफदेहीको पदमा उम्मेदवार भएमा,

ङ. नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको वा अन्य कुनै फौजदारी कसूरमा एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएकोमा,

च. उपदफा (५) बमोजिम पदबाट हटाइएमा,

छ. राष्ट्रको प्रतिनिधित्व गरी विदेश गएकोमा भागेको र पछि फर्केर आएको प्रमाणित भएमा,

ज. निजको मृत्यु भएमा।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले सदस्य-सचिवको पद रिक्त भएमा वा कुनै कारणले निलम्बन भएमा वा तत्काल नियुक्त नभएमा अर्को सदस्य-सचिव नियुक्ति वा निजको निलम्बन फुकुवा नभएसम्मको लागि गाउँ कार्यपालिकाले गाउँ कार्यपालिकाको कुनै अधिकृत स्तरको कर्मचारीलाई सदस्य-सचिवको रुपमा कामकाज गर्ने गरी तोक्न सक्नेछ।

(९) सदस्य-सचिवको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्त तोकिए बमोजिम हुनेछ। यसरी सदस्य-सचिवको पारिश्रमिक तथा सुविधा नतोकिएसम्म निजले गाउँ कार्यपालिकाले तोके बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछ।

**६. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :**

(१) खेलकुद विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क. गाउँपालिका स्तरीय खेलकुदका समय तालिका निर्माण गरी स्वीकृत गर्ने।

ख. गाउँपालिकालाई खेलकुद सम्बन्धी नीति बनाउन साथै खेलकुद विकास सम्बन्धी राय सुझाव दिने।

ग. गाउँपालिका भित्र खेलकुदको विकासका लागि भौतिक पूर्वाधारका संरचना निर्माण गरी रेखदेख गर्ने,

घ. खेलकुदको स्तर वृद्धि गर्न गाउँपालिका, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न विधाका खेलकुद प्रतियोगिताको आयोजना तथा सञ्चालन गर्ने, गराउने,

ङ. शैक्षिक संस्थाहरुमा आवश्यकता अनुसार खेल सम्बन्धी पाठ्यक्रम बनाउन सहयोग गर्ने, प्रशिक्षण गर्ने, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको महत्वका वारेमा प्रचार प्रसार गर्ने, गराउने,

च. खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गा.पा./न.पा, जिल्ला, प्रदेश र संघवाट आयोजना गरेका खेल प्रतियोगितामा सहभागि गराउने ,

छ. स्थानीय स्तरमा खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लव, संघ, संस्था, प्रशिक्षण संस्थाको नियमन, समन्वय गर्ने र आवश्यक निर्देशन दिने,

ज. खेलकुद सम्बन्धी क्लब, संस्थालाई र खेलाडीका लागि आर्थिक सहयोगको लागि गाउँपालिकामा सिफारिस गर्ने,

झ. खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, भिडियो चित्र आदिको स्रष्टा एवंम निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

ञ. खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था मिलाउने र उपयुक्त खेलाडीको छनौट गरी विदेशमा समेत तालिम हासिल गर्नको लागि पठाउने,

ट. वडास्तरका क्लवहरुसँग समन्वय गरी वडा स्तरमा र विद्यालयस्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने गराउने,

ठ. गाउँपालिकाको परिचय तथा कला पर्यटन र साहित्य साथै संस्कृतिमा विशेष योग्दान पुऱ्याउने, सभा सम्मेलन, तथा प्रतियोगिताहरुको सम्बन्धमा उपयुक्त ढंगबाट सहयोग पुऱ्याउन गाउँपालिका समक्ष सिफारिस गर्ने ।

ड. खेलकुद विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

ढ. खेल सम्बन्धी क्लव वा संस्थाहरूको अनुगमन र नियमन गर्ने ।

**७. अध्यक्षको काम कर्तव्य र अधिकार :**

क. खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने, गराउने।

ख. खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी आयोजना संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

ग. राष्ट्रिय, अन्तराष्ट्रियस्तरमा हुने खेल प्रतियोगिताहरुमा प्रतिनिधित्व गर्ने ।

घ. खेलकुद समितिको बैठक बस्न नसकेको अवस्थामा पालिकामा गर्नुपर्ने सम्पूर्ण सिफारिसहरु गर्ने

ङ. समितिले तोकेका अन्य कार्यहरु गर्ने, गराउने ।

**८. सदस्यको काम कर्तव्य र अधिकार :**

सदस्यहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः-

क. समितिको बैठकमा सक्रिय रूपमा सहभागी हुने ।

ख. खेलकुदको विकासका लागि आवश्यक कार्य गर्ने ।

ग. पालिका भित्र खेलकुदको प्रचार प्रासर गर्ने गराउने कार्यमा सहजीकरण गर्ने ।

घ. खेलकुद समितिले गरेका निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने ।

ङ. तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

९. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार :** (१)यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सदस्यसचिवको काम-, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. खेलकुद समितिको वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी बैठकमा पेश गर्ने,

ख. बैठकको पत्राचार गर्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने, अभिलेख राख्ने र अध्यक्षको आदेशानुसार वैठकको लागि आवश्यक बिषय सूची र सामग्री जुटाउने ।

ग. वैठकको माइन्यूट उठाउने र वैठक सञ्चालन सम्बन्धी आवश्यक काम कारवाहि गर्ने ।

घ. खेलकुद समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

ङ. खेलकुद समितिबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

च. खेलकुदसँग सम्बन्धित संस्थाहरुसंग आवश्यक समन्वय गर्ने,

छ. समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने,

ज. तोकिए बमोजिमका अन्य कार्य साथै निज लाई गाउँपालिकाका अध्यक्षले खेलकुदका साथै कार्यालयमा अन्य कार्यमा खटाएमा सो सम्वन्धी कार्य समेत गर्नुपर्नेछ ।

१०. **समितिका सदस्यहरुको पदावधि :**

(१) मनोनीत सदस्यहरुको पदावधि ४ (चार) वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ५ को प्रकृया बमोजिम पद पूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

११. **सदस्यको अयोग्यता :**

(१) देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः

क. गैर नेपाली नागरिक,

ख. समितिमा कार्यरत वैतनिक कर्मचारी,

ग. दामासाहीमा परेको,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

ङ. मगज विग्रेको ,

च. पदेन सदस्य बाहेक अन्य सदस्य २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको।

**१२. सदस्यता समाप्त हुने अवस्था :**

(१) देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः

क. दफा ९ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

ख. सदस्यले राजीनामा गरेमा,

ग. मृत्यु भएमा,

घ. समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी बैठकमा अनुपस्थित भएमा।

**१३. शपथ :** खेलकुद समितिका पदेन सदस्य बाहेक अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची – २ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

## परिच्छेद- ४

## समितिको बैठक सम्बन्धी व्यवस्था

**१४. समितिको वैठक र निर्णय :**

(१) अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य सचिवले मिति,समय र स्थान तोकी समितिको बैठक बोलाउने छ।

(२) समितिको बैठक अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक प्रत्येक २ महिनामा एक पटक अनिवार्य बस्नुपर्ने छ।

(५) जम्मा सदस्य संख्याको एक तिहाइ सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस् भनी अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ३ दिनभित्र बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ।

(७) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिले प्रमाणीत गर्ने छ।

(८) बैठकको निर्णय पुस्तिका सदस्य सचिवले राख्नेछ।

## परिच्छेद-५

## खेलकुद प्रतियोगिता व्यवस्थापन

**१५.** खेलकुद समिति आफैंले वा गाउँपालिकमा दर्ता भएका टिम, क्लबहरु मार्फत विभिन्न खेदकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ।

**१६.** खेलकुद समिति आफैले वा पालिका भित्रका टिम,क्लबहरु मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय टिमसंग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ।

**१७.** **सल्लाहकार समितिको गठन:** (१) खेलकुद समितिले आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ।

## परिच्छेद-६

## गाउँपालिका क्षेत्रभित्रको टिम, क्लब र संघ संस्थाहरुको दर्ता, नवीकरण र व्यवस्थापन

**१८.** **गाउँपालिका क्षेत्रभित्रको टिम, क्लब र संघ संस्थाहरुको दर्ता, नवीकरण र व्यवस्थापन :** (१) गाउँपालिका भित्रका टिम, क्लब, समिति, संघसंस्था आदिले खेलकुद समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद सम्बन्धी गतिविधि संचालन गर्न चाहेमा प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाले यस समितिमा समेत दफा २० बमोजिम दर्ता गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम दर्ता हुन चाहेमा गाउँ सभाले पारित गरेको राजश्व तथा करका दर बमोजिम वडाको सिफारिसका आधारमा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम समितिमा दर्ता नभएको खेलकुद सम्बन्धी टिम, क्लव, संघ सस्थाले गाउँपालिका भित्र खेलकुद सम्बन्धी गतिविधि संचालन गर्न सक्ने छैन।

**१९.** **संस्था दर्ताको लागि दरखास्त दिनु पर्ने :** (१) समितिको लगतमा संस्था दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई समितिमा नाम दर्ताको लागि अनूसूची ३ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकुदको किसिम/विधा,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा।

(२)उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकुद सम्बन्धी संस्थाले संस्था दर्ता प्रमाण पत्र र विधानको प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनुपर्नेछ।

**२०.** **खेलकुद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्ने :** (१) दफा २० बमोजिम संस्था दर्ता गराउनको लागि दरखास्त परेमा दरखास्त प्राप्त भएको मितिले पैंतीस दिन भित्र समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गराई अनूसूची-४ बमोजिमको प्रमाण पत्र दिनुपर्नेछ। सोही प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ।

(२) पहिल्यै दर्ता भइ सकेको संस्था भए गाउँपालिकामा सूचीकृतको लागि अनुसूची-५ को ढाँचामा लिखित निवेदन दिनुपर्नेछ।

(३) सूचीकृत भएका संस्थाहरुलाई अनुसूची-६ बमोजिम प्रमाण पत्र दिईनेछ। सोही प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ।

(४) दर्ता वा सूचीकृत भएका संस्थाको नवीकरण गर्न दिईने निवेदन अनुसूची-७ बमोजिमको ढाँचामा हुनुपर्नेछ।

(५) गाउँपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शुल्क बाहेक अन्य दस्तुर लाग्ने छैन।

(६) प्रत्येक वर्षको आषाढ मसान्तभित्र सबै दर्तावाला वा सूचीकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ।

(७) आर्थिक कारोबार गरिने संस्थाले स्थायी लेखा नं. (PAN) लिएको हुनुपर्नेछ।

(८) दर्ता र नवीकरण गर्नुभन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नुपर्नेछ।

(९) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई दिनुपर्नेछ।

(१०) दर्ता भएका टिम क्लव, संघ संस्थाले जुनसुकै खेलकुदको प्रतियोगिता गर्नुभन्दा अगाडि खेलकुद समितिलाई जानकारी गराई स्वीकृति लिनुपर्नेछ।

(११) खेलकुद समितिमा दर्ता भएका टिम, क्लव, संघसंस्थाहरुले खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट आवश्यक रकम उपलब्ध गराउन सक्नेछ।

२१. **हेरफेरको सूचना गर्नुपर्ने :** (१) यो कार्यविधि बमोजिम समितिको लगतमा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १९ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नुपरेको कारण सहितको सूचना पन्ध्र दिनभित्र समितिलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नुपर्ने कारण मनासिव देखेमा समितिले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावद्यिक बनाई राख्नुपर्नेछ।

२२. **खेलकुद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता राख्नुपर्ने :** (१) खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिदिएको ढाँचामा राख्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ खेलकुद समितिले जुनसुकै बेला पनि गर्न सक्नेछ।

(३) खेलकुद समितिले उपदफा (२) बमोजिम खेलकुद सम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा/गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ।

२३. **समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने :** (१) समितिले खेलकुद सम्बन्धी संस्थालाई खेलकुद विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालन नगर्ने खेलकुद सम्बन्धी संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनुपर्नेछ।

२४. **समितिको स्वीकृति लिनुपर्ने :**खेलकुद सम्बन्धी संस्थाले खेलकुद प्रतियोगिता गाउँपालिका भन्दा बाहिर वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा गाउँपालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिको स्वीकृति लिनुपर्नेछ।

२५. **कार्यक्रम तथा बजेट :** खेलकुद विकास प्रवर्धनको लागि गाउँपालिकाले आवश्यक बजेट बार्षिक योजनामा समावेश गर्नुपर्नेछ।

२६. खेलकुद समितिमा दर्ता भएका टिम क्लब, संघ संस्थाहरुले खेलकुद समितिको उद्धेश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई खेलकुद समितिको सिफारिसमा गाउँपालिकाबाट आर्थिक सहयोग उपलब्ध गराईने छ।

२७. खेलकुद समितिले टिम दर्ता निवेदन फाराम, नविकरण फाराम, प्रशिक्षक वा प्रशिक्षार्थी फाराम, परिचय पत्र, दर्ता प्रमाणपत्र आदिको ढाँचा निर्धारण गरी लागु गर्नेछ।

## परिच्छेद-७

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्था

२८. खेलकुद समितिले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टिमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ।

२९. खेलकुद विकासका लागि सभा सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ।

३०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मान बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ।

३१. गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टिम, क्लब, संघ संस्थाका प्रतिनिधिहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ।

## परिच्छेद-८

## खेलकुद प्रतियोगिता व्यवस्थापन

**३२.** अन्तरपालिका, प्रदेश,राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा संचालन हुने खेलकुद प्रतियोगिताहरुमा खेलकुद समितिमा आवद्ध टीम, क्लब, संघ संस्था वा विद्यालय वा कलेजलाई सहभागी गराउन सकिने छ।

**३३.** दफा ३२ बमोजिमका प्रतियोगितामा सहभागी हुन जाने टिमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई सेवा सुविधा प्रदान गर्न गाउँपालिका समक्ष सिफारिस गर्न सक्ने छ।

(१) अन्तरपालिकास्तरीय प्रतियोगिताको हकमा :

क. खान, बस्न र पारवहनका लागि हुने खर्च।

ख. प्रतियोगिता अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई समितिले तोकिएबमोजिमको सुविधा उपलब्ध गराउन सक्ने छ।

ग. खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई समितिले निर्धारण गरे वमोजिकको सेवा सुविधा गाउँपालिकाले उपलव्ध गराउने।

**३४. राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरको प्रतियोगिताको हकमा :**

क. खान, बस्न र पारवहानका लागि हुने खर्च,

ख. प्रतियोगिता अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई तोकिए बमोजिमको प्रोत्साहन भत्ता,

ग. खेलकुद पोशााकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई समितिले निर्धारण गरे बमोजिकको सेवा सुविधा गाउँपालिकाले उपलव्ध गराउने ,

घ. प्रतियोगितामा जान आउन सम्भव भएसम्म स्थल मार्ग र सार्वजनिक यातायातको प्रयोग गर्नुपर्नेछ।

## परिच्छेद-९

## तालिम तथा प्रशिक्षण व्यवस्थापन :

**३५.** खेलकुद समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ।

**३६.** कुनै खेल प्रशिक्षणका लागि गाउँपालिकाले आवश्यकता अनुसार प्रशिक्षक व्यवस्थापन गर्न सक्नेछ। प्रशिक्षकको सेवा सुबिधा समितिले तोके बमोजिम हुनेछ।

**३७.** कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ बर्षको लागि हुनेछ। आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ।

**३८.** कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृत भए अनुसार गरिनेछ।

## परिच्छेद -१०
## आचारसंहिता

३९. **आचारसंहिताः** (१)खेल सम्बन्धी विषयका खेलाडी, समिति अध्यक्ष तथा सदस्य, कर्मचारी, गाउँकार्यपालिका सदस्य र सभा सदस्यले देहायबमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ:

क. खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनैपनि प्रतिवन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन।

ख. खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन। तर, विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिंदा गैरनेपाली टिमलाई मान्यता दिइनेछ।

ग. प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ। तर कोचिङ्ग कक्षा संचालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ।

घ. नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ।

ङ. खेलको विजय पश्चात् पाउने शिल्ड, ट्रफी कहिं कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन। तर, कुनै दर्तावाला क्लव विगठन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफी गाउँपालिकाको स्वीकृतिमा अर्को दर्तावाला क्लवलाई उपहार दिन भने वाधा पर्ने छैन।

च. कुनै खेलमा व्यक्तिलाई दिएको उपहारबाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइने छैन। तर, संरक्षण गर्न बाधापर्ने छैन।

छ. खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्नपाइने छैन।

ज.खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाउनेछ तर विपक्षी टिमका व्यक्तिहरु वा टिमलाई इंगित गरी काटुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन।

झ. गाउँपालिकाको स्वीकृति र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन।

ञ. गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइने छ।

ट. अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउने छन्।

## परिच्छेद- ११

## खेलकुद पुर्वाधार निर्माण तथा मर्मत

४०. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ।

४१. विशेष तरिकाले मर्मत गर्नुपर्ने भएमा प्रशिक्षकको माग बमोजिम खेलकुद समितिले मर्मत सम्भार गर्नेछ।

४२. खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न खेलकुद समितिको निर्णयनुसार माग भई आएमा गाउँपालिकाले पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ।

## परिच्छेद- १२

## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

४३. विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था : (१) खेलकुद समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ।

(२) विषयगत खेल प्रशिक्षण समिति सम्बन्धी अन्य व्यवस्थाहरु देहाय बमोजिम हुनेछन :

क. खेलकुद समितिले तोकेको संयोजकको संयोजकत्वमा सम्बन्धित खेल प्रशिक्षक रहने गरी ३ देखि ५ सदस्यीय विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ।

ख. यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ।

ग. यस समितिले सम्बन्धित खेलकुद प्रति जनमानसको आर्कषण बढाउने कार्य गर्नेछ।

घ. प्रशिक्षणको लागि आवश्यक सामग्री जुटाउन मद्धत गर्नेछ।

ङ. प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रेडिङ, प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ।

च. प्रशिक्षण केन्द्रमा धार्मिक, साम्प्रदायिक एवं अन्य खराब दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउनेछ।

छ. खेलकुद समितिको नीति, नियम र निर्देशनलाई पालना गर्ने र गराउनेछ।

ज. प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य वातवरण धमिल्याउन नदिने तरिका बाट प्रशिक्षण कार्य बढाउनेछ।

(३) समितिको बैठक संयोजकले तोकेको मिति, स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ।

(४) खेलकुद समितिको निर्देशानुसार सम्बन्धित खेलको लागि वार्षिक कार्यतालिका बनाउनु पर्नेछ।

(५) खेलकुद समितिको निर्णयनुसार आवश्यक थपघट वा संशोधन सुधार गर्न सकिनेछ।

## परिच्छेद- १३

## दण्ड, सजाय र जरिवाना

४४. **जरिवाना :** (१) दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा गाउँपालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम जरिवाना गरिनेछ

(२) तिन वर्ष भन्दा बढी समयसम्म पनि नवीकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ। यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटी सकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन।

(३) समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ। तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नवीकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ।

**४५. संस्थाको विगठन :** (१) दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विगठन हुन सक्नेछ :

क. संस्थाका दुई तिहाई बहुमतले संस्था विगठन गर्ने भनी निर्णय गरेमा,

ख. लगातार ३ वर्षसम्म संस्था नवीकरण नगरेमा,

ग. संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

घ. प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत् विक्षत् भएमा।

**४६. विगठित संस्थाको सम्पत्ति :** (१) विगठन भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ।

**४७. सजायः** (१) समितिको कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ समितिलाई हानी नोक्सानी पुऱ्याएमा निजलाई समितिले निर्धारण गरे वमोजिम जरिबाना हुन सक्नेछ।

(२) आर्थिक सम्पत्तिमा हानी नोक्सानी पुऱ्याएमा आर्थिक ऐनमा उल्लेख भए अनुसार कारवाही हुनेछ।

**४८. असल नियतले गरेको काममा बचाउ :** (१) यस निर्देशिका बमोजिम खेलकुद सम्बन्धी शैक्षिक संस्था, क्लव, संस्थाहरुको अनुगमन तथा नियमन गर्दा सदस्यहरु उपर कुनै कारवाही गरिनेछैन।

**४९. प्रतिवेदन पेश गर्ने :** (१) समितिले संचालन गरेका खेलकुद प्रतियोगिता, हुन बाँकी खेलकुद तथा खेलकुद सम्बन्धी योजनाहरुको वार्षिक प्रगति प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्ने छ।

**५०.** यस निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ

**५१. बाधा अडकाउ फुकाउने अधिकारः** (१) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा ब्याख्या गर्ने अन्तिम अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

**५२. संशोधन :** (१) यस कार्यविधिको आंशिक वा पुरै संशोधन गर्ने अधिकार अन्नपूर्ण गाउँ कार्यपालिकामा निहित रहने छ।

(२) यस कार्यविधिका सम्वन्धमा कुनै दुविधा भएमा सोको अन्तिम व्याख्या कार्यपालिकाले गर्नेछ।

**अनुसूची- १**

**(दफा ५ को उपदफ (३) सँग सम्बन्धित)**

**अन्नपूर्ण  गाउँ कार्यपालिकको कार्यालय, माछापोखरी**

**गण्डकी प्रदेश, नेपाल**

च.नं. मितिः

प.सं.

श्री ......................................,

ठेगाना .........................

विषयः नियुक्तिपत्र ।

तपाईलाई मिति २०.../..../...को निर्णयानुसार...................... (पदको नाम वा काम) का लागि कार्यविधिको दफा ९ बमोजिम कर्तव्य तथा समितिबाट तोकिएको अन्य काम गर्ने गरी सदस्य सचिव पदमा नियुक्ति गरिएको हुँदा, संलग्न कार्यशर्त अनुरूप आफनो जिम्मेवारी इमान्दारीपूर्वक गर्नुहुन जानकारी गराइन्छ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस गाउँपालिकाको कर्मचारी तथा पदाधिकारीले पालना गर्नुपर्ने आचारसंहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ।

............................

अध्यक्ष

अन्नपूर्ण गाउँपालिका, कास्की

**बोधार्थः**

श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर सहितको प्रतिवेदनका आधारमा तोकिएको सुविधा उपलब्ध गराउनुहुन।

श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन।

## अनुसूची-२

### (दफा १३ सँग सम्बन्धित)

### शपथ

म...................... (शपथ लिने व्यक्तिको नाम) मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताका नाममा शपथ लिन्छु कि गाउँपालिका खेलकुद विकास समितिको .................. पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझेसम्म कर्तव्य सम्झी देश तथा समिति प्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।

**शपथ ग्रहण गर्नेको**

नाम:

दस्तखत :

मिति:

पद :

**शपथ ग्रहण गरेको प्रमाणित गराउनेको**

नाम :

दस्तखत :

मिति :

पद:

कार्यालय :

## अनुसूची - ३

**(दफा १९ सँग सम्बन्धित)**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कास्की ।

विषयः संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपसिलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरिसकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृति र संस्थादर्ताका लागि आवेदन गरेको छु/छौं ।

नियमानुसार संस्थादर्ता गरिदिनुहुन अनुरोध छ ।

संस्थाको नामः..... ..... ..... ..... ..... ..... ..... .....

संस्थाको कार्यालय रहने स्थानः अन्नपूर्ण गाउँपालिका वडा न.....

टोलको नामः .................... .....

| **सचिव** | **अध्यक्ष** |
|---|---|
| नाम : | नाम: |
| मिति : | मिति : |
| हस्ताक्षर : .. ............. | हस्ताक्षर : ............. |

**<u>निवेदन साथ पेस गर्नुपर्ने कागजातहरु:</u>**

क. संस्थाको विधानको मस्यौदा,

ख. आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि,

ग. संस्थाको छापको नमूना ।

**अनुसूची - ४**

**(दफा २० (१) सँग सम्बन्धित)**

**अन्नपूर्ण गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**माछापोखरी, कास्की**

**संस्था दर्ता प्रमाणपत्र**

संस्थाको नाम : .................. ..................

ठेगाना : .................. .................. ........

दर्ता हुदाँको समयमा रहनुभएका समितिको पदाधिकारी र सदस्य संख्या : ..................

दर्ता हुदाँको समयमा रहनुभएको अध्यक्षको नाम : ..................

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाणपत्र प्रदान गरिएको छ । अन्नपूर्ण गाउँपालिका खेलकुद विकास कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गर्न अनुमति दिइएको छ ।

....................................

प्रमुख प्रशासकीय अधिकृत

संस्था नवीकरणको विवरण

| क्र.स. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूची - ५

## (दफा२० (२)सँग सम्बन्धित)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय, कास्की।

विषयः संस्था सूचीकृत गरिदिनुहुन।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं। गाउँपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नुपर्ने भएकोले नियमानुसार गरिदिन अनुरोध गर्दछौं।

**संलग्न कागजातहरु :**

क. दर्ता प्रमाणपत्र,

ख. संस्थाको विधान,

ग. गत आ.व.को लेखापरीक्षण प्रतिवेदन,

घ. करचुक्ता प्रमाणपत्र,

ङ. समितिको निर्णय।

| | |
|---|---|
| सचिव | अध्यक्ष |
| नाम : | नाम: |
| मिति : | मिति : |
| हस्ताक्षर : .. ............. | हस्ताक्षर : ............. |

**अनुसूची - ६**

**(दफा२० (३) संग सम्बन्धित)**

**अन्नपूर्ण गाउँपालिका,**

**गाउँ कार्यपालिकाको कार्यालय, कास्की ।**

संस्था सूचीकृत प्रमाणपत्र

संस्थाको नाम : ……………………………………

ठेगाना : …………………………………………….

दर्ता हुँदाको समयमा रहनुभएका समितिको पदाधिकारी र सदस्य संख्या : ………………

दर्ता हुँदाको समयमा रहनुभएको अध्यक्षको नाम :  …………………………

माथि उल्लेखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ।अन्नपूर्ण गाउँ खेलकुद विकास कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गर्न अनुमति दिइएको छ।

………………………

प्रमुख प्रशासकीय अधिकृत

संस्था नवीकरणको विवरण

| क्र.स. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची - ७

## (दफा २० (४) संग सम्बन्धित)

मितिः.................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

अन्नपूर्ण गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, कास्की ।

विषयः संस्था नवीकरण गरी पाउँ ।

......................................नामक संस्था यस गाउँपालिकामा दर्ता/सुचिकृत भई खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गरीरहेको हुँदा तपशिल बमोजिमका कागजपत्र संलग्न राखी नवीकरण गरी पाउँ भनी निवेदन गर्न आएको छु/छौँ।

गतःआर्थिक वर्ष ....................को संस्था नवीकरण भएको प्रमाणका साथ आवेदन गरेको छु।

**<u>निवेदन साथ पेस गर्नुपर्ने कागजातहरूः</u>**

क. आर्थिक वर्ष ............को लेखापरीक्षण प्रतिवेदन,

ख. संस्थाको वार्षिक गतिविधि, भावी योजना र बजेट।

............

निवेदक

**प्रमाणिकरण मितिः २०८१/०६/३०**

**राजपत्रमा प्रकाशन मितिः २०८१/०७/०५**

**आज्ञाले**
**विष्णु प्रसाद पोखरेल**
**प्रमुख प्रशासकीय अधिकृत**